**मिथिला नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
ढल्केवर, धनुषा
मधेश प्रदेश, नेपाल
(प्रशासन शाखा)

पत्र संख्या :- ०७९/०८०
चलानी नं.:- २१५०

मिति : २०८०/०२/२२

विषय : नागरिकता सिफारिस सम्बन्धमा ।

श्री वडा कार्यालय सबै (१-११)
मिथिला नगरपालिका, धनुषा ।

उपरोक्त सम्बन्धमा जिल्ला प्रशासन कार्यालय धनुषा, जनकपुरधामको पत्र सं.०७९/०८०(प्रशा.) चलानी नं.११०२० मिति २०८०/०२/२१ को पत्र यसै पत्रसाथ संलग्न गरि पठाईएको छ । सो पत्र बमोजिमको व्यहोरा अवगत गरि आवश्यक कारबाहीको व्यवस्था मिलाउनु हुन समेत अनुरोध छ ।

२०८०.०२.२२
बसन्त न्यौपाने
प्रमुख प्रशासकीय अधिकृत

नेपाल सरकार
गृह मन्त्रालय

कार्यालय :-०४१-४२००७५
०४१-४२०५१०
E-mail : daodhanusha@moha.gov.np

# जिल्ला प्रशासन कार्यालय,धनुषा

जनकपुरधाम

पत्र संख्या : ०७९/०८०(प्रशा.)
चलानी नं.: ११०२०

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
धनुषा

मिति :- २०८०/०२/२१

मिथिला नगरपालिका
धनुषा
दर्ता नं.: ८१५१
मिति: २०८०/०२/२२

श्री स्थानीय तह सबै,
धनुषा ।

विषय :- नागरिकता सिफारिस गर्ने सम्बन्धमा।

प्रस्तुत विषयमा जन्मको आधारमा नागरिकता प्राप्त गरेका नागरिकका सन्तानलाई नागरिकता प्रदान गर्ने सम्बन्धमा नेपाल नागरिकता ऐन, २०६३ लाई संशोधन गर्न बनेको ऐन (नेपाल नागरिकता ऐन पहिलो संशोधन २०७९) जारी भएकोमा सम्मानीत सर्वोच्च अदालतबाट सो ऐन कार्यान्वयन नगरी यथास्थितिमा राख्न अल्पकालिन अन्तरिम आदेश जारी भएको छ । नेपाल नागरिकता ऐन, २०६३ लाई संशोधन गर्न बनेको ऐन (नेपाल नागरिकता ऐन पहिलो संशोधन २०७९) सम्मानीत सर्वोच्च अदालतबाट आदेश भए पछि सो ऐन कार्यान्वयन गर्न तहाँ स्थानीय तहबाट सम्बन्धित वडा कार्यालयहरुबाट नागरिकता सिफारिस गर्दा संभव भएसम्म तपसिलमा उल्लेख भएका कागजातहरु संलग्न राखी सिफारिस गर्न लगाउन हुन अनुरोध छ । साथै नागरिकता सम्बन्धी कुनै पनि किसिमको गलत सिफारिस भएमा तत्काल प्रचलित नागरिकता ऐन बमोजिम कारवाही हुने व्यहोरा समेत तहाँ अन्तर्गत सबै वडाअध्यक्षज्यूहरुलाई जानकारी गराई दिनु हुन अनुरोध छ ।

नागरिकता सिफारिश गर्दा पेश गर्नुपर्ने आवश्यक कागजातहरु :

१ अनुसूची-१
२ बाबु र आमाको नागरिकता प्रमाण पत्रको प्रतिलिपि/(हजुर बुवाको समेत नागरिकताको प्रतिलिपि उपलब्ध भएमा)
३ जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपि
४ बुवा र आमा तथा नागरिकताका लागि आवेदन दिने व्यक्ति बीच फोटो सहितको नाता प्रमाणित प्रतिलिपि
५ बाबु र आमाको मतदाता परिचय पत्रको प्रतिलिपि
६ स्थानीय तहबाट स्थायी बसोबास प्रमाणित/किटानी सिफारिसको प्रतिलिपि
७ पारिवारिक विवरण (नेपालमा कहिले देखि बसोबास गरेको तथा हाल के पेशमा संलग्न रहेको खुलेको कागजात)
८ बुवा आमा बिच विवाहदर्ता/विवाह प्रमाणित प्रतिलिपि
९ बुवा र आमाको मृत्यु भएको भए मृत्युदर्ता प्रमाण पत्र प्रतिलिपि ।

२०८०/२/२१
प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय,धनुषा
जनकपुरधाम

कार्यालय :-०४१-४२००७५
०४१-४२०५१०
E-mail : daodhanusha@moha.gov.np

पत्र संख्या : ०७९/०८०(प्रशा.)
चलानी नं.:

नेपाल सरकार गृह मन्त्रालय जिल्ला प्रशासन कार्यालय धनुषा

१० बुवा र आमा वा सन्तानको नामको जग्गाधनी प्रमाण पुर्जा, मोहियानी हकको प्रमाण पत्र भए सो प्रमाण
११ शैक्षिक प्रमाणपत्र (SEE वा सो भन्दा माथि) को प्रतिलिपि
१२ विद्युत/खानेपानी/टेलिफोनको विल लगायत अन्य कागजात
१३ घरधुरी प्रमाण पुर्जा तथा नक्सा पास र स्वीकृतीको प्रतिलिपि
१४ कम्तीमा २ जना वडा सदस्य सहित छिमेकीहरु गरी ५ जनाको वडा मुचुल्का
१५ २०६३ को टोलीले नाबालक दर्ता गरेको भए सोको निस्सा

नागरिकताको लागि आवेदन दिने व्यक्तिले माथि उल्लेखित कागजातको सक्कल समेत लिई यस कार्यालयमा उपस्थित हुनु पर्नेछ तथा यसरी प्राप्त भएको निवेदन उपर आवश्यकता अनुसार छानवीन गरी प्रहरी सर्जमीन, गोप्य प्रतिवेदन बुझी नागरिकता वितरण गर्ने व्यहोरा समेत अनुरोध छ ।

८०।२।२९

..............
काशि राज दाहाल
प्रमुख जिल्ला अधिकारी